# १२ ख्रीष्टको चर्च र व्यवस्था

*__यस अध्यायका प्रमुख पदहरू:__* उत्पत्ति २:१६-३:७, उत्पत्ति ६, उत्पत्ति १२, व्यवस्था ७:६-१२, गलाती ३:६-१६, प्रकाश १२:१७, प्रकाश १४:६-१२।

*__स्मरण गर्नुपर्ने पद:__* **"सन्तहरूको धैर्यता यसैमा छः तिनीहरूले परमेश्वरका आज्ञाहरू पालन गर्दछन् र येशूमा भएको आस्था तिनीहरूमा पनि हुन्छन्।" (प्रकाश १४:१२ रूपान्तरित)।**

**रिले दौड प्रतियोगितामा प्रायजसो चार जना दगुर्ने मानिसहरूको समूह हुन्छ।** अरू बेलामा भएको प्रतिस्पर्धा खेलमा ती चार जनाहरू एक आपसमा प्रतिद्वन्धी भएर खेलेका होलान्, तर जब रिले दौडमा तिनीहरू एक दल भएर लाग्दछन् तब तिनीहरू एक दलमा सहभागिताभएकोले तिनीहरू सबै एकै मन भएर सोच्नुपर्दछ। दौड प्रतियोगितामा भएको दौगुर्ने दुरी चारैजनालाई बराबरी भाग लगाइ दिएको हुन्छ। लठ्ठी बोकेको दलको सहभागीलाई मात्र दिइएको जुनसुकै समयमा ऊ दौगुर्नुपर्छ। लठ्ठी बढो कुशलतासाथ एकबाट अर्कोलाई पास गर्दै दौड प्रतियोगिता नसकुञ्जेल खेलाडीहरू दगुर्छन्। ती खेलाडीहरूले बोकेको लठ्ठी एकताको केवल प्रतिक मात्र हुन्। त्यसले खेलाडी समूह एक भएर खेलेको थियो भनेर देखाउँछ।

परमेश्वरको चर्च कहिलेकाहिँ खेलाडी समूह वा टिमले रिले दौडमा भाग लिएको जस्तै हो। अदनको बगैंचामा आदमले पास गरेको लठ्ठी मुक्तिको इतिहासमा धेरै जनालाई हस्तान्तरण भइसकेको छ। नोहाले अब्राहमलाई, अनि अब्राहमले मोशालाई, मोशाले नयाँ करारको चर्चलाई, नयाँ करारको चर्चबाट चर्चको सुधारवादी युगलाई र अहिले सुधारवादी युगबाट वर्तमान चर्चलाई तिन स्वर्गदूतका सन्देशहरू हस्तान्तरण भएको छ।

परमेश्वरको चर्चलाई एकताको सुत्रमा बाँध्ने प्रतिक उहाँको व्यवस्था अर्थात् दश आज्ञा हो। आदम र हव्वाको पतन पछि परमेश्वरको व्यवस्था उहाँको उद्धार गर्ने अनुग्रहसँगसँगै सिकाउनुपर्दछ।

दश आज्ञा र अनुग्रह एक जोडी भएर सुसमाचारको यथार्थ तथा मूल अर्थ निकालिन्छ।

युगौं युगसम्म परमेश्वरको चर्चमा भएको व्यवस्थाको इतिहास यस अध्यायमा अवलोकन गर्नेछौं।

## १. आदमदेखि नोहासम्म (उत्पत्ति २:१६-३:७)

नयाँ करारको सुरूवातदेखि नै येशूलाई विश्वास गर्ने जमघटले जब उहाँको आराधना गर्दछन् त्यसलाई "ख्रीष्टको चर्च" भन्न त सुहाउँछ नै। त्यसबेला येशूका उपासकहरूले उहाँको जीवन, मृत्यु र पुनरुत्थानको बारेमा तातातातै सिकाउँथे। विशुद्ध रूपमा तिनीहरूले येशू बाहेक अरूतिर चासो देखाएका थिएनन्। तर अहिले आएर "ख्रीष्टको चर्च" भन्ने शब्द अझ फराकिलो भएको छ। यथार्थमा यो शब्द ग्रीक भाषा इक्लसिया (ekklesia)बाट आएको हो। यो अध्यात्मिक होइन भौतिकवादलाई मान्ने संस्कारबाट सापटी लिएको शब्द हो। त्यसको अर्थ "बोलाइएको" हो। परमेश्वरप्रतिको विश्वास वा आस्थामा तल्लिन हुन, उहाँमा भरोसा राखेर प्रेम र आज्ञाकारी जीवन बिताउँदै अनुकरणीय उदाहरण बन्न उहाँले प्रत्येक पुस्तामा मानिसहरूलाई आफ्नो समाजबाट बाहिर निस्कन बोलाउनु हुन्छ।

**आदम र हव्वाले परमेश्वरमाथि निष्ठावान हुन जाँच्नुभएको थियो। यदि कोही मानिस परमेश्वरप्रति परिपक्व हुनचाहन्छ भने त्यो परिक्षामा प्रत्येक मानिस पर्न किन आवश्यक छ? हेर्नुहोस् उत्पत्ति २:१५-३:७ "१५ तब परमप्रभु परमेश्वरले मानिसलाई अदनको बगैंचामा त्यसको गोड-गाड र हेरचाह गरोस् भनी राख्नुभयो। १६-१७ उहाँले त्यसलाई भन्नुभयो, "असल र खराबको ज्ञान दिने रूखको फल छोडेर बगैंचाका अरू सबै रूखका फल तिमी खान सक्छौ। त्यस रूखको फल भने तिमीले नखानू, यदि त्यो रूखको फल खायौ भने त्यही दिन तिमी मर्नेछौ।" १८ तब परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एक्लै बस्न असल छैन। त्यसको लागि म एउटा सुहाउने सहयोगी बनाइदिनेछु।" १९ उहाँले जमिनबाट केही माटो लिनुभयो र सबै पशु र चरा-चुरुङ्गीहरू बनाउनुभयो। तब तिनीहरूलाई के-के नाम दिने रहेछ भनी हेर्नलाई उहाँले तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। त्यसरी तिनीहरूले आ-**

आफ्ना नाम पाए। २० त्यसरी मानिसले सबै चरा-चुरुङ्गी र पशुहरूलाई नाम दियो तर तीमध्ये कुनै पनि उसलाई सुहाउने र सहायता दिने साथी भएन। २१ तर परमप्रभु परमेश्वरले मानिसलाई गहिरो निद्रामा पार्नुभयो र त्यसरी सुतेको बेलामा उहाँले उसको एउटा करङ निकाल्नुभयो र त्यसमा मासु भरिदिनुभयो। २२ त्यस करङबाट उहाँले एउटी नारी बनाउनुभयो र उसकहाँ ल्याउनुभयो। २३ तब मानिसले भन्योः "अन्तमा, यो त मजस्तै रहेछ।

मेरो हाडबाट लिएको हाड र मेरो मासुबाट लिएको मासु, यिनलाई 'स्त्री' भनिनेछ किनभने यिनी पुरुषबाट निकालिएकी थिइन्।" २४ त्यसैकारण मानिसले आफ्ना बुबाआमा छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ र ती दुई एउटै शरिर हुन्छन्। २५ ती मानिस र तिनकी पत्नी दुवै नाङ्गा थिए तर तिनीहरू लजाउँदैनथे।" ३:१-७ "१ परमप्रभु परमेश्वरले बनाउनुभएका पशुहरूमध्ये साँप सबैभन्दा धूर्त थियो। साँपले स्त्रीलाई सोध्यो, "के परमेश्वरले तिमीहरूलाई बगैँचाका कुनै रूखको फल नखानू भन्नुभएको छ?" २-३ स्त्रीले उत्तर दिई, "बगैँचाका बीचमा भएको रूख छोडी अरू कुनै पनि रूखका फल हामी खान सक्छौं। परमेश्वरले त्यो रूखको फलचाहिँ नखानू र नछुनू पनि भन्नुभएको छ। हामीले त्यो खायौं भने हामी मर्नेछौं।" ४ साँपले जवाफ दियो, "त्यो कुरा साँचो होइन, तिमीहरू मर्नेछैनौ। ५ तिमीहरूले त्यसको फल खायौ भने परमेश्वरजस्तै हुनेछौ र असल र खराबको ज्ञान पाउनेछौ भनी उहाँले जान्नुहुन्छ र नै त्यसो भनेका हुन्।" ६ त्यो रूख हेर्नमा कति सुन्दर अनि त्यसका फल खानलाई कति रहरलाग्दा थिए, त्यो स्त्रीले देखिन्। ज्ञानी हुन पाए कति असल हुनेथियो, उनले सोचिन्। उनले केही फल टिपेर खाइन्, केही आफ्ना लोग्नेलाई दिइन् र उनले पनि त्यो खाए। ७ त्यो खाने बित्तिकै तिनीहरूले समझशक्ति पाए र आफू नाङ्गै रहेछौं भनी चाल पाए। यसकारण तिनीहरूले नेभाराको पात गाँसेर त्यसले आफ्ना शरीर ढाके।" (रूपान्तरित)।

प्रेम गर्न सामर्थी हुन आदम र हव्वालाई स्वविवेकको स्वतन्त्रताको आवश्यक थियो। असल कारण नै नभएतापनि तिनीहरूमा गलत काम गर्न पनि स्वतन्त्रता चाहिएको थियो। कुन् बाटोमा जाने भन्ने स्वविवेकको स्वतन्त्रलाई अपनाउन तिनीहरू आफै सक्षम्

हुनुपर्थ्यो। जब अदनको बँगैचाको बीचमा भएको रुखमा हव्वा उभिन पुगिन् तब परमेश्वरले दिनुभएको स्वविवेकको स्वतन्त्रतालाई कतातिर आफूलाई मोडाउने सो जाँच उनको र आदमको अगाडी खडा भएको थियो।

आफ्नो आत्मनिर्णयको स्वतन्त्रतालाई तिनीहरूले कसरी प्रयोग गरे भन्ने समाचार हामी सबैलाई थाहा छ। आदम र हव्वालाई गरिएको परिक्षणको केन्द्रविन्दु परमेश्वरको व्यवस्था वा दश आज्ञा थियो। त्यस व्यवस्थाले हामीलाई कुन् ठीक वा वेठीक अर्थात् कुन् असल वा कुन् खराब भनेर वाख्या गरेको थियो। (याद गर्नुहोस् त्यहाँ भएको रूखलाई "असल र खराबको ज्ञान दिने रूख" भनेर कहलाइएको थियो)। यदि मानिसमा झुठो बोल्न, चोर्न र यवं हत्या गर्न पनि सामर्थीवान बनाइएन भने दश आज्ञा वा परमेश्वरको व्यवस्थाको उद्देष्य के हो त? असल काम गर्नमात्र प्रोग्राम गरेर मानव जगतलाई परमेश्वरले सृष्टि गर्नुभयो भने दश आज्ञा वा परमेश्वरको व्यवस्थाको औचित्य के छ त? तर परमेश्वरले हामीलाई मानव यन्त्र वा रोबोट नबनाइ आत्मनिर्णयको अधिकार सुम्पेर सृष्टि गर्नुभएको छ। यदि मानिसले भित्रै हृदयदेखि उहाँलाई प्रेम गर्न उहाँ चाहनुहुन्छ भने आत्मनिर्णय बिनाको मानिस सृष्टि गर्न उहाँलाई आवश्यकता थिएन।

आदम र हव्वाको पतन पछि परमेश्वरको आदर्शताको लठ्ठी अर्को पुस्तालाई हस्तान्तरण गर्नुपर्ने थियो। तर मानिसहरूको स्वभाव द्रुत रूपमा खस्के र तलतिर झर्न थाले। तिनीहरूको दुई छोराहरूमा केवल कान्छो छोरो हाबिलले मात्र परमेश्वरको चर्चमा सम्मिलित हुन निर्णय गरेका थियो। डाहा, इख, फटाहा, हत्या र बाबुआमाप्रति श्रद्धा नगर्ने स्वभाव भर्न आदम र हव्वाको जेठो छोरो कैयिनले आत्मनिर्णय गरे। त्यो चरित्रलाई अपनाउँदा मानव स्वभाव झन यस्तरी खस्किन्दै गयो कि असल वा ठीक माथि दुष्ट वा खराबले रजाइँ गर्न थालियो। जलप्रलयसम्म आउँदा त केवल नोहा र उनका परिवारमात्र ख्रीष्टको चर्चको सच्चा सदस्यहरू भएको देखा परे।

**अदनको बगैंचादेखि सरेको आत्मनिर्णयको अधिकार हामीमा भएको हुनाले विगत २४घन्टा भित्र तपाईंले कुन् असल वा कुन् खराब छ भन्ने चुन्ने अवसर पाउनुभएको थियो? ती चुन्ने चुनौतिहरू के के थिए?**

**परमेश्वरको आदर्शनीति वा दश आज्ञा अर्थात् उहाँको पवित्र व्यवस्थासँग तपाईंले पाउनुभएको आत्मनिर्णयको अधिकार कतिसम्म नजिक जोडिएको छ?**

## २. नोहादेखि अब्राहमसम्म (उत्पत्ति ६:५-९)

यस संसारको कुनैपनि इतिहासमा नोहा रहेको समाज यस्तो खस्किएको थियो कि त्यसको वर्णन गर्न साध्ये छैन। त्यसको अर्थ त्यसबेलाका मानिसहरू अत्यन्त दुष्ट जीवन बिताएर बाँचेका थिए। आदमदेखि नोहाको पालामा आइपुग्दा यस संसारको अस्तित्व हजार वर्ष भन्दा बेसी भएको थियो। त्यस दौरानमा मानिसहरू अधर्म र दुष्टलाई यस्तरि पछ्याउँदै गएर पतन हुन थालेको थियो कि यस संसारमा मानिसहरूलाई बेकारमा सृष्टि गरें भनेर परमेश्वरले दुःख मात्र थाल्नुभएको थियो।

**उत्पत्ति ६लाई पढेर देहायाका जिज्ञासाहरूको जवाफ दिनुहोस्ः**

**अ. मानव जगतलाई सृष्टि गर्नुभएकोमा परमेश्वर दुःखी हुनुभयो भन्ने मर्मलाई हामीले कसरी बुझ्ने? पछि के हुने हो भन्ने कुरालाई परमेश्वरलाई थाहा छैन भन्न त्यस पदले भन्न खोजेको भन्न मिल्दैन। (हेर्नुहोस् व्यवस्था ३१:१४-१८ "१४ तब परमप्रभुले मोशालाई भन्नुभयो, "अब तिमी धेरै दिन बाँच्नेछैनौ। यहोशूलाई बोलाएर पवित्र पालमा लिएर आऊ र म त्यसलाई आदेश दिनेछु।" मोशा र यहोशू पवित्र पालमा गए १५ र त्यहाँ पवित्र पालको ढोकानिर बादलको खम्बामा परमप्रभुले तिनीहरूलाई दर्शन दिनुभयो। १६ परमप्रभुले मोशालाई भन्नुभयो, "तिमी अब चाँडै मर्नेछौ। तिमी मरेपछि मानिसहरू मप्रति अविश्वासी हुनेछन् र मैले तिनीहरूसित बाँधेको करार तोड्नेछन्। तिनीहरूले मलाई त्याग्नेछन् र तिनीहरू पस्न लागेका देशका देवदेवताहरूलाई पुज्नेछन्। १७ जब त्यसो हुनेछ, म तिनीहरूसित रिसाउनेछु, तिनीहरूलाई त्याग्नेछु र तिनीहरू नाश भएर जानेछन्, धेरै डरलाग्दा विपत्तिहरू तिनीहरूमाथि आउनेछन् र म तिनीहरूका परमेश्वर तिनीहरूका साथमा नभएकाले नै यी सबै कुराहरू हुँदै छन् भनी तिनीहरूले थाहा पाउनेछन्। १८ तिनीहरूले दुष्ट काम गरेका र अन्य**

देव-देवता पुजेका हुनाले म त्यस बेला तिनीहरूलाई मद्दत गर्न इन्कार गर्नेछु।")

आ. परमेश्वरमा विश्वास गर्ने मानिसहरूले विश्वासी र अविश्वासीहरूसँग बिहेबारी गरेर जन्माएका छोराछोरीहरूलाई परमेश्वरको सन्ता र मानिसहरूको सन्तान भनेर सम्बोधन गरेको छ भनेर एलेन जी ह्वाइटले वाख्या गर्नुभएको छ। यस संसारमा भएको चर्चको सदस्य भएको नाताले उत्पत्ति ६बाट चर्चको भूमिका के हुनुपर्छ भनेर हामी सिक्न सक्छौं?

इ. मानिसहरूको स्वभाव र नियतहरू कस्ता कस्ता थिए जसले गर्दा परमेश्वर अत्यन्त नाराज हुनुभयो? ती कुराहरूसँग परमेश्वरको व्यवस्था वा दश आज्ञा कसरी गाँसिएको छ?

ई. उत्पत्ति ६मा नोहाको बारेमा गरिएको चर्चालाई नजिकै हेर्नुहोस्। त्यस्तो दुष्ट र पापको प्रदुषणमा जीएको नोहाको बारेमा हामीलाई कस्तो जानकारी त्यस अध्यायले दिएको छ? फेरि त्यसै बखत परमेश्वरको आँखाको सामु नोहालाई अनुग्रहको खाँचो किन परेको थियो? उनले के गरे वा गरेनन् जसले गर्दा परमेश्वर उनीदेखि प्रसन्न हुनुभयो? यहूदी जातिको उदय हुनु भन्दा अघि नै वा दश आज्ञा लिखितरूपमा दिनुभन्दा अघि नै विश्वास र परमेश्वरको व्यवस्था वा दश आज्ञाको बीचमा घनिष्ठ सम्बन्ध छ भनेर त्यसले हामीलाई कसरी देखाउँछ? हेर्नुहोस् उत्पत्ति ६ः

"१ जब मानिसहरू सारा संसारभरि फैलिदैगए र तिनका छोरीहरू जन्मे, २ परमेश्वरका कोही-कोही छोराहरूले मानिसका छोरीहरूलाई सुन्दरी देखे र आफूलाई मन परेकाहरूलाई बिहे गर्न लगे। ३ तब परमप्रभुले भन्नुभयो, "म मानिसहरूलाई सधैंभरि बाँच्न दिनेछैनँ, तिनीहरू मर्नुपर्छ। अबदेखि उसो, कोही पनि १२० वर्षभन्दा बढ्ता बाँच्नेछैन।" ४ ती दिनमा र यसपछि पनि पृथ्वीमा मानवका छोरीहरू र परमेश्वरका छोराहरूबाट जन्मेका सन्तान शूरवीरहरूजस्ता थिए। तिनीहरू उहिलेका शूरवीर र नाम चलेका मानिसहरू थिए। ५ पृथ्वीका सबै बासिन्दाहरू कति दुष्ट भएका थिए र तिनीहरू कसरी सधैंभरि खराबै मात्र सोचिरहन्थे भनी जब परमप्रभुले देख्नुभयो, ६ तब मैले किन यिनीहरूलाई बनाएछु र पृथ्वीमा राखेछु भनी उहाँले अफसोस गर्नुभयो।

७ उहाँ यति दुःखित हुनुभयो कि उहाँले यसो भन्नुभयो, "म यी मैले बनाएका मानिसहरू, पशुहरू र चरा-चुरुङ्गीहरू पनि पृथ्वीबाट मेटिदिनेछु किनभने ती बनाएकोमा मलाई अफसोस छ।" ८ तर परमप्रभु नोआसित प्रसन्न हुनुहुन्थ्यो। ९-१० यो नोआको कथा हो। उनका शेम, हाम र येपेत भनिने तीन भाइ छोराहरू थिए। नोआमा केही दोष थिएन, उनी आफ्नो समयको एकमात्र धर्मी मानिस थिए। उनी परमेश्वरको साथमा रहन्थे। ११ तर अरू सबै भने परमेश्वरको दृष्टिमा दुष्ट थिए अनि हिंसा जहीं-तहीं फैलिएको थियो। १२ परमेश्वरले संसारलाई हेर्नुभयो र त्यो भ्रष्ट भएको देख्नुभयो किनभने सबै मानिसहरूले भ्रष्ट जीवन बिताइरहेका थिए। १३ परमेश्वरले नोआलाई भन्नुभयो, "मैले सारा मानवजातिको अन्त्य गर्ने पक्का विचार गरेको छु। म तिनीहरूलाई नाश पार्नेछु किनभने तिनीहरूले गरेका हिंसाका कामले यो संसार भरिएको छ। १४ तिमीले आफ्नो लागि असल काठको एउटा ठूलो जहाज बनाउनू, त्यसमा कोठा-कोठा बनाएर भित्र-बाहिर दुवैपट्टि अलकत्राले पोत्नू। १५ त्यसलाई १३३ मिटर लामो, २२ मिटर चौडा र १३ मिटर अग्लो बनाउनू। १६ जहाजमा छाना हाल्नू र छाना र छेउका भित्ताबीच ४४ सेन्टिमिटर ठाउँ छोडिदिनू। त्यो तीनतले बनाउनू र एकापट्टि ढोका राख्नू। १७ सबै जिउँदा प्राणीहरूलाई नाश पार्न म पृथ्वीमा जलप्रलय ल्याउनेछु। पृथ्वीमा भएका सबै थोक र प्राणी मर्नेछन्, १८ तर तँसँग म एउटा करार बाँध्नेछु। आफ्नी स्वास्नी र छोरा-बुहारीहरू सँगै लिएर तँ भित्र जानू। १९-२० हरथरीका पशु-पंक्षीहरूलाई जीवित राख्न भाले र पोथी गरी एक-एक जोडी तँसँग जहाजमा लानू। २१ आफ्ना लागि र ती पशु-पंक्षीका लागि सबै प्रकारका खाना आफूसँग राख्नू।" २२ परमेश्वरले आज्ञा गर्नुभएअनुसार सबै कुरा नोआले गरे।"

## ३. अब्राहमदेखि मोशासम्म (उत्पत्ति १५:१-६)

जलप्रलयपछि भावी सन्ततीहरूलाई परमेश्वरको इच्छालाई सिकाउँदै जाने नोहा र उनका छोराहरूको कर्तव्य थियो। परमेश्वरको व्यवस्थालाई नमान्दा वा उहाँको विधिको शासनको परिधिभित्र बस्न अस्वीकार गर्दा यस संसार ध्वस्त भएको थियो भनेर नोहा र उनका परिवारलाई थाहा थियो। परमेश्वरको अनुग्रहको अनुभव भएको

कारणले आउने पिँढीहरूलाई उहाँप्रति अझ निष्ठावान बनाउने खाँचोको तिनीहरूले अनुभव गर्नुपर्थ्यो। त्यही अनुसार पछिको पुस्तामा आस्थाको विकास होस् भनेर तिनीहरू योजनावद्धरूपमा चल्नुपर्थ्यो। दुर्भाग्यबस जलप्रलयको केही समयमै मानिसहरू फेरि परमेश्वरबाट तर्किएर जान थाले (उत्पत्ति ११:१-९)। "ती मानिसहरूले परमेश्वरको अस्तित्वलाई विश्वास गर्न छोड्न थाले। प्राकृतिक कारणले जलप्रलय भएको हो भनेर तिनीहरूले दाबी गरे। कतिले परमेश्वरमा विश्वास त गरे तर जलप्रलयबाट संसारको नष्ट गर्न परमेश्वरमात्र जिम्मेवारी हुनुहुन्छ भनेर तिनीहरूले उहाँलाई दोष दिए। कैयनको हृदय जस्तै तिनीहरूको हृदयपनि परमेश्वरको खिलाफमा विद्रोह गर्न उठाए।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. ११९बाट रूपान्तरित।

परमेश्वरको व्यवस्था र अनुग्रह सँगसँगै काम गर्छन् भनेर उत्पत्ति १२ र उत्पत्ति १५:१-६ले कसरी बताउँछन्? हेर्नुहोस्: उत्पत्ति १२ "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "आफ्नो देश, साखा-सन्तान र बुबाको घर छोड र जुन देश म तिमीलाई देखाउँछु, त्यहाँ जाऊ। २ म तिमीलाई धेरै छोरा-नातिहरू दिनेछु र तिनीहरू एउटा महान् जाति हुनेछन्। म तिमीलाई आशिष् दिनेछु र तिम्रो नाम खुबै चल्नेछ र तिमी आशिष्को मूल बन्नेछौ। ३ "तिमीलाई आशिष् दिनेलाई म आशिष् दिनेछु, तर तिमीलाई सराप दिनेलाई म सराप दिनेछु। र तिमीद्वारा म सबै जातिहरूलाई आशिष् दिनेछु।" ४ अब्राम ७५ वर्ष उमेर हुँदा परमप्रभुले भन्नुभएअनुसार हारानदेखि हिँडे अनि लोत उनीसँग गए। ५ अब्रामले आफ्नी स्वास्नी साराई, आफ्ना भतिजा लोत र हारानमा कमाएका सारा धन-सम्पत्ति र कमारा-कमारी साथमा लिए र तिनीहरू कनान देशतिर लागे। तिनीहरू कनानमा आइपुगे। ६ कनान देशमा शकेमको पवित्र सहर मोरेमा भएको पवित्र रूख भएको ठाउँसम्म आइनपुगुञ्जेल अब्रामले बिसाएनन्। (त्यस बेला कनानीहरू त्यस देशमा बसोबास गरिरहेकै थिए।) ७ परमप्रभु अब्रामका अघि देखा पर्नुभयो र उनलाई भन्नुभयो, "यही देश म तिम्रा छोरा-नातिलाई दिँदछु।" तब अब्रामले आफूलाई दर्शन दिनुहुने परमप्रभुको लागि त्यहाँ एउटा वेदी बनाए। ८ त्यसपछि उनी दक्षिणपट्टिका पहाडी ठाउँमा सरे, जुनचाहिँ बेथेल सहरको पूर्वमा पर्थ्यो। त्यहाँ उनले पश्चिमपट्टि बेथेल र पूर्वपट्टि ऐ सहरका माझमा

आफ्नो पाल टाँगे। त्यहाँ उनले एउटा वेदी पनि बनाए र परमप्रभुलाई आराधना गरे। ९ त्यसपछि अब्राम बसाइँ सर्दै कनानका दक्षिण भागतिर गए। १० तर कनान देशमा अनिकाल पऱ्यो। अनिकाल साह्रै भयो र अब्राम अझ दक्षिणतिर मिश्रमा गए र त्यहाँ बास गर्न थाले। ११ सिमाना नाघेर मिश्रमा पस्ने बेलामा उनले आफ्नी स्वास्नी साराईलाई भने "तिमी एउटी सुन्दरी स्त्री छ्यौ। १२ मिश्रीहरूले तिमीलाई देखी मेरो स्वास्नी हो भनी सोच्नेछन् र तिनीहरूले मलाई मारेर तिमीलाई जीवित राख्नेछन्। १३ तिनीहरूलाई तिमी मेरी बहिनी हो भनी भन र तिम्रो कारणले तिनीहरूले मलाई राम्रो व्यवहार गर्नेछन् र मेरो ज्यान बाँच्नेछ।" १४ सिमाना तरेर मिश्रमा पसेपछि मिश्रीहरूले उनकी पत्नीलाई हेर्नमा सुन्दरी पाए। १५ कति जना महलका अधिकारीहरूले तिनलाई देखे र तिनको सुन्दरताका बारेमा राजालाई भने। यसकारण तिनलाई राजमहलमा पुऱ्याए। १६ तिनको खातिर राजाले अब्रामसित राम्रो व्यवहार गरे र उनलाई भेडा-बाख्राका बथान, गाई-गोरु, गधा, ऊँट र कमारा-कमारीहरू दिए। १७ तर राजाले साराईलाई रोजेका हुनाले परमप्रभुले राजा र महलका मानिसहरूबीच डरलाग्दा रोगहरू पठाउनुभयो। १८ तब राजाले अब्रामलाई बोलाए र सोधे, "तिमीले यो मसित के गरेको? तिनी तिम्री स्वास्नी हुन् भनी किन मलाई भनेनौ? १९ तिनी मेरी बहिनी हुन् भनी किन भन्यौ? यसैले मैले तिनलाई मेरी पत्नी तुल्याउन लगेको हुँ। तिम्री स्वास्नी यहीं छिन्, तिनलाई लिएर गइहाल।" २० राजाले आफ्ना मानिसहरूलाई आज्ञा गरे र तिनीहरूले अब्रामलाई लिएर गए। उनकी स्वास्नी र सारा सम्पत्तिसहित उनलाई मिश्रदेशबाट पठाइदिए।" र उत्पत्ति १५:१-६ "१ त्यसपछि अब्रामले एउटा दर्शन पाए र परमप्रभुले यसो भन्नुभएको सुने, "अब्राम, नडरा, म तिमीलाई खतरादेखि जोगाउनेछु र ठूलो इनाम दिनेछु।" २ तर अब्रामले उत्तर दिए, "सार्वभौम परमप्रभु, मेरा बालबच्चा छैनन्, तपाईंको इनामले मलाई के राम्रो हुन्छ र? म पछिको हकदार दमस्कसको एलीएजर मात्र छ। ३ तपाईंले मलाई सन्तान दिनुभएको छैन, मेरो एउटा कमारो मेरो सम्पत्तिमाथि हकदार बन्नेछ।" ४ परमप्रभुले यसो भन्नुभएको उनले सुने, "यो कमारो एलीएजर तेरो धन-सम्पत्तिको हकवाला बन्नेछैन, तिम्रो छोरो तिनको हकदार हुनेछ।" ५ परमप्रभुले उनलाई बाहिर लगेर भन्नुभयो,

**“आकाशमा हेर् र ताराहरू गन्ने चेष्टा गर्, तिम्रा सन्तान तारा जतिकै हुनेछन्।” ६ अब्रामले परमप्रभुमाथि आफ्नो भरोसा राखे। त्यसकारण परमप्रभु उनीसित प्रसन्न हुनुभयो र उनलाई ग्रहण गर्नुभयो।"**

नोहाको सन्तान शेमको वंशबाट अब्राहम आएको थियो। उनलाई वर्तमान इराकमा रहेको हारान भन्ने शहरबाट निस्केर आऊ भनेर बोलाउनुभयो। अब्राहमका बुबाआमाहरू त्यस शहरमा बसोबास गर्थे। जब अब्राम आफ्नो पिताको घरबाट निस्केर आए तब परमेश्वरले उनीसँग बाचा वा करार बाँध्नुभयो (उत्पत्ति १२:१-६)। परमेश्वरले अब्रामलाई आफ्नो देशबाट निस्केर आऊ भनेर किन निर्देशन दिनुभयो त्यसको कारण बाइबलमा स्पष्ट गरि खुलाएको छैन। तर परमेश्वरले अब्राहमलाई नबोलाउने धेरै कारणहरू हुनसक्थ्यो भनेर बाइबलले हामीलाई देखाउँदछ। उदाहरणमा हामी यो लिन सक्छौं कि परमेश्वरले बोलाउनु भएपछि उनी धुर्त र डरछेरुवा भएको प्रमाणित गरेका थिए (उत्पत्ति १२:११-१३)। उनले परमेश्वरको दश आज्ञालाई तोडे। तर अब्राहम सच्चा आस्था वा विश्वासको लौहपुरूष थिए। उनले गरेको विश्वासकै कारणले परमेश्वरले उनलाई अनुग्रहद्वारा धर्मी ठहऱ्याउनुभएको थियो। अब्राहम सिद्ध त थिएन। तर उनले परमेश्वरको आवाज सुन्न राजी भएका थिए। त्यसको अर्थ मानिस जातिलाई असम्भव भएतापनि परमेश्वरमा सबै थोक सम्भव छ भनेर विश्वास गरेर उहाँमा भरोसा राख्ने खुबी अब्राहममा थियो।

परमेश्वरको आवाज सुन्न र उहाँका आज्ञाहरू पालन गर्ने अब्राहम एक्लै थिएन। सिनै पहाडमा दश आज्ञालाई ढुँगामा कोरेर दिनुभन्दा पहिले पनि ती आज्ञामा भएका आदेशहरू पालन गर्न चाहने अरूहरू पनि थिए। फारोह, अबिमलेक नाउँ भएका दुई राजाहरू र युशूफ पनि व्यभिचार गर्न र झुठो बोल्न अस्वीकार गरेका थिए। आफ्ना मानिसहरूलाई पाप गर्न बाटो खुलाएकोमा दोस्रो अबिमलेकले त इसाहकलाई गाली पनि गरेको थियो (उत्पत्ति २६:१०)। विशेष कामको निम्ति परमेश्वरले अब्राहमलाई रोज्नुभएको थियो। तर संसारका अरू देशहरूमा पनि सृष्टिकर्ता परमेश्वरको भए मान्नेहरू थिए। एक फेरा अब्राहम र उनका जमातले राजा केडोरमर र उसका फौजलाई हराइदिएका थिए। अनि शलेमका राजा मेल्शिजडेकले

अब्राहमलाई आशिष वा स्यावास दिनुभएको थियो। त्यो राजा अति उच्च परमेश्वरका पूजारी थिए (उत्पत्ति १४:१८ रूपान्तरित)। तत्कालिन विश्वका मानिसहरूलाई परमपिता सृष्टिकर्ता परमेश्वरको बारेमा ज्ञान थियो भन्ने अझ बढि सबूत प्रमाण त्यसले देखाउँछ। मोशाले आफ्नो काम सुरू गर्नुभन्दा अघि नै सनातन परमेश्वरको चाहना अरूलाई थाहा थियो।

## ४. मोशादेखि येशूसम्म (व्यवस्था ७:६-१२)

मिश्रदेश र मेसोपोटामिया देशहरूमा भएका विभिन्न नीतिनियम तथा कानूनहरूले दश आज्ञा कोरेको समयभन्दा हजारौं वर्ष पहिले परमेश्वरको व्यवस्थाको बारेमा संसारलाई ज्ञान थियो भनेर प्रमाणित गर्दछ। तर मिश्रदेश र मेशोपोटामियाका व्यवस्थाहरू आफै पूरा थिएन। साँच्चै भनौं भने ती देशहरूमा भएका धार्मिक नीतिहरूले मूर्तीपूजा गर्ने र विभिन्न यस्ता संस्कृति तथा संस्कारहरूको विकसित भएका थिए जुन् परमेश्वरले निको मान्नुभएको थिएन। ती मानिसहरूका संस्कार र धर्महरूले सर्वशक्तिमान सनातन परमेश्वरलाई ओझेलोमा पारेको हुनाले सत्य व्यवस्थालाई पालन गरेर उहाँप्रति निष्ठावान भएर देखावस् भन्ने हेतुले उहाँले विशेष जाति चुन्नुभएको थियो।त्यो जाति थियो हिब्रू राष्ट्र जो अब्राहमका भावी सन्ततीहरू। सिनैको पहाडमा इस्राएलीहरूसँग बादल गर्ज्राएर बाँधेको करारभन्दा सयौं वर्ष पहिले अब्राहमसँग परमेश्वरले प्रतिज्ञा सहित करार बाँध्नु भएको थियो। येशूमा मात्र त्यो करारले पूर्णता पाएको थियो। अर्थात् त्यस करारमा उल्लेख गरेको कबूल येशूले पूरा गर्नुभएको थियो।

**अनुग्रह र व्यवस्थासँग घनिष्ठ सम्बन्ध कस्तो हुन्छ भनेर व्यवस्था ७:६-१२ले कसरी बताउँछ? हेर्नुहोस्: “तिमीहरू एक पवित्र जाति हौ। परमप्रभु तिमीहरूका परमेश्वरले पृथ्वीमा भएका सबै मानिसहरूमध्येबाट आफ्नो निम्ति एक विशेष जाति, एक अमूल्य सम्पत्ति बनाउन तिमीहरूलाई छान्नुभएको छ। ७ तिमीहरू संख्यामा अरू जातिहरूभन्दा धेरै भएकाले परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको वा छान्नुभएको होइन, किनकि तिमीहरू त संख्यामा सबै जातिहरूभन्दा कम थियौ। ८ तर परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको कारणले, र उहाँले**

तिमीहरूका पिता-पुर्खाहरूसित गर्नुभएको प्रतिज्ञा पूरा गर्नलाई नै तिमीहरूलाई परमप्रभुले आफ्नो बाहुबलद्वारा निकाली ल्याउनुभयो, र मिश्रका राजा फारोको हातबाट, दासत्वको देशबाट छुटकारा दिनुभयो। ९ यसकारण याद राख, परमप्रभु तिमीहरूका परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ, एक विश्वासयोग्य परमेश्वर। उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने हजारौं पुस्तामाथि उहाँले आफ्नो प्रेमको करार पूरा गर्नुहुन्छ, र दया देखाउनुहुन्छ। १० तर उहाँलाई तिरस्कार गर्नेहरूलाई उहाँले अवश्य नाश गर्नुहुनेछ, र उहाँलाई घृणा गर्ने विरुद्ध बदला लिन उहाँ विलम्ब गर्नुहुनेछैन। ११ यसकारण आज मैले तिमीहरूलाई दिएका आज्ञा, विधि र विधान होशियारीसाथ पालन गर। १२ तिमीहरूले यी विधिविधानहरू सुनेर पालन गर्‍यौ भने परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूसँगको प्रेमको करार पूरा गर्नुहुनेछ, जस्तो उहाँले तिमीहरूका पिता-पुर्खासँग प्रतिज्ञा गर्नुभयो।"

जब परमेश्वरले इस्राएली वा यहूदी जातिलाई उहाँको विधिको शासनमा रहन वा व्यवस्थालाई पालन गरेर देखाउने जाति बनाउन रोज्नुभयो त्यसबेला उहाँलाई यो थाहा थियो कि त्यस जाति सिद्ध वा पापरहित जाति होइन। तर अरू सिद्ध नभएका जाति वा मानिसहरूलाई पनि परमेश्वरको चाहना बाँधोस् भनेर उहाँले यहूदी जातिलाई व्यवस्था पालन गर्ने जिम्मा लगाउनुभएको थियो। सारा विश्वको निम्ति परमेश्वरका पूजारीहरू तिनीहरू होस् भनेर तिनीहरूलाई चुन्नुभएको थियो भनेर "तिमीहरू पूजारीहरूका राज्य र पवित्र राष्ट्र हौ" (प्रस्थान १८:६) भन्ने शब्दहरूले प्रमाणित गर्दछ। अलमलमा परेका विश्वका राष्ट्रहरूको बीचमा परमेश्वरको सत्यता र उहाँको चाहना देखावस् भनेर विश्वको सम्पूर्ण जातिहरूमा त्यस इस्राएल वा यहूदी जातिलाई उहाँले चुन्नुभएको थियो। हो, इस्राएलले भूल गरे, परमेश्वरको वचन पालन गर्न चुके र कहिलेकाहीँ उहाँको विरुद्धमा अग्रसर भए। तैपनि त्यही जातिकै बीचबाट उद्धारकर्ता मसीह आउनुभयो, मानिसहरूको बीचमा रहनुभयो, सेवाकार्य गर्नुभयो र मर्नुभयो। सयौं वर्ष पहिले अब्राहमसँग गरेको करार उहाँले पालन गरेर देखाउनुभयो।

त्यही सन्दर्भमा गलाती ३:६-१६ पढ्नुहोस् र बाचासहित गरेको करारको सत्य अर्थ के हो भनेर पावलले खुलस्त गरेको आत्मज्ञानलाई

अझ कसरी राम्रोसँग हामी बुझ्न सक्छौं त्यो सोच्नुहोस्। "६ अब्राहामलाई नै हेर, "उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो।"७ यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्।८ परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई "तिमीमा नै सबै जातिले आशिष् पाउनेछन्" भन्ने सुसमाचार अघिबाटै सुनायो। ९ यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष् पाएका छन्। भाइ हो, प्रतिदिनको जीवनबाट एउटा उदाहरण लिऔं, एक चोटि पक्का भइसकेपछि मानिसले बनाएको इच्छापत्र कसैले रद्द गर्न सक्दैन, न त त्यसमा केही थप्न सक्छ। १६ प्रतिज्ञाहरू अब्राहाम र उनको सन्तानलाई दिइएका थिए। धर्मशास्त्रले "सन्तानहरूलाई" भन्दैन, यसले त धेरै मानिसहरूको सङ्केत दिन्छ। तर धर्मशास्त्रले "तिम्रो सन्तानलाई" भन्छ, यसले एक जना मानिसको मात्र सङ्केत दिन्छ, जो ख्रीष्ट हुनुहुन्छ। १० व्यवस्थाका कामहरूमाथि भर पर्ने सबै श्रापित छन्, किनकि धर्मशास्त्रमा यसो लेखिएको छ, "व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रापित हुन्छ।" ११ परमेश्वरको दृष्टिमा व्यवस्थाबाट कोही मानिस धर्मी ठहरिँदैन भन्ने कुरा प्रत्यक्ष छ। किनभने "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।" १२ व्यवस्थाचाहिँ विश्वासमाथि आधारित छैन, बरु "जुन मानिसले यी काम गर्छ, त्यो तिनैद्वारा जिउनेछ।" १३ हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ। १४ उहाँले हामीलाई मोल तिरेर छुटाउनुभयो, ताकि अब्राहामलाई दिइएको आशिष् ख्रीष्ट येशूद्वारा अन्यजातिहरूमा आओस्, र हामी विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सकौं।"

"सन्तान" भन्ने शब्द केवल एक नाम वा इस्राएलको एक्लो यहूदी राष्ट्रलाईमात्र सम्बोधन गरेको थियो भनेर मोशा र पछिका सबै मानिसहरूले बुझेको थियो। तर त्यो सन्तानको अर्थ येशूमै निहितभएर पूरा भएको भनेर पावलले देखाउँछ। इस्राएलीहरूसँग गरेको करारको बाचा येशूमा पूर्णरूपमा समापन भएको थियो। त्यसले गर्दा व्यवस्था र

अनुग्रह समावेश भएको येशूको सुसमाचार पूर्ण रूपमा त्यस करारतिर औँल्याइएको थियो।

**अब्राहमले पहिलो पटक पाएको करारको प्रतिज्ञादेखि येशूको समयसम्म आएको समयावधीको बारेमा सोच्नुहोस्। जब परमेश्वरमा भरोसा राखेर चल्नुपर्ने आवश्यकतालाई हामी औँल्याउँछौं त्यस समयाअवधीले हामीलाई के सिकाउँछ?**

## ५. येशूदेखि बाकी अंशसम्म वा बचेका सानो विश्वासी झुण्ड (प्रकाश १२:१७)

अदनको बगैंचादेखि परमेश्वरको चर्चमा त्यस्ता मानिसहरूले भरिएका छन् कि जो सिद्ध थिएन। सारा संसारको सामु परमेश्वरको धार्मिकताको निम्ति गवाहीको रूपमा खडा गरिएको राष्ट्र आफैपनि सिद्ध वा निष्खोट थिएन। जब परमेश्वरको चाहनाको लठ्ठी एकबाट पुस्ताबाट अर्को पुस्तामा सारियो तब कोही धावक पनि खेल सिध्याउने डोरीमा पुग्न सफल भएको थिएन। परमेश्वरको व्यवस्था वा दश आज्ञा पाउने कोही पनि व्यक्ति उहाँको धार्मिकताको स्तरमा आउन सकेको थिएन। परमेश्वरले मानिसहरूलाई ग्रहण गरून् भनेर व्यक्तिगत अथक प्रयास गर्दै बेकारमा मानिसहरू
लागिरहेका थिए।

जब धर्मकर्म वा व्यक्तिगत अथक प्रयासमा लाग्दापनि मोक्ष पाउने कुनै उपाय नभएकोले मानिसहरू निराशको बादलमा जाकिरहेका थिए तब परमेश्वरले उपयुक्त समयमा आफ्नो पुत्रलाई उहाँको इच्छा सिद्धरूपमा पालन गर्न अदनको बगैंचादेखि सारिएको लठ्ठी लिन पठाउनुभयो। दोस्रो आदमको रूपमा येशू पापबिना यस संसारमा आउनुभयो। परमेश्वरप्रति पूर्णरूपमा भरोसा राख्दै क्रुससम्मै निष्खोट रूपमा उहाँको आज्ञा पालन गर्न सक्षम् हुनुभयो। त्यस प्रक्रियाबाट येशूले मृत्युको साङ्लोलाई चुँड्नुभयो र मृत्युमाथि विजय पाउनु भयो। अब पवित्र आत्माको शक्तिले प्रत्येक विश्वासीलाई पुनरुत्थान हुनुभएको येशूले आफ्नो धार्मिकता बाँड्नुहुन्छ। करारद्वारा कबूल गरेको वचनको केन्द्रविन्दु सधैं यही हो। हामीहरूको धर्मकर्म, उपकारिय काम, अथक प्रयासबाट धर्मात्मा ठहरिने जस्ता कदमहरूले हामीलाई धर्मी वा

परमेश्वरको सामु चोखो हुने होइन बरू येशूले हामीलाई दिनुहुने उहाँको धार्मिकताले हामी चोखो वा धर्मी ठहरिन्छौं। यहूदी संस्कारले गरेको सबै धार्मिक क्रियाकलापको अन्त्य र केन्द्रबिन्दु येशू हुनुहुन्छ। जब संसारमा रहेर आफ्नो सेवाकार्यको काम येशूले सिध्याउनुभयो तब मात्र उपरोक्त आत्मज्ञान स्पष्टरूपमा बुझिएको थियो। त्यसको फलस्वरूप नयाँ करारको चर्चको सुरूवात भयो।

तर दुःखलाग्दो कुरो त यो छ कि सबै आत्मज्ञानले सजियतापनि इसाई चर्चले परमेश्वरले बाँध्नुभएको करारप्रति कम चासो देखाएको पाइएको छ। त्यसले गर्दा परमेश्वरतिर बफादर नहुने कुरामा इसाई चर्च पनि इस्राएलीहरू वा यहूदीहरू भन्दा कम छैन भनेर प्रमाणित गर्दछ। येशूलाई जाँगिरिलोसाथ विश्वास गरिएतापनि समय बित्दै जाँदा उहाँसँगको सम्बन्धमा कतिपय विश्वासीहरूले चिसोपना घुसाउन थालेका थिए। जतातते उहाँप्रतिको निष्ठामा कमसल हुँदै गए। सोऱ्हौं शताब्धी वा ई. सन् १५००तिर सुधारवादी इसाईहरूले विश्वासीहरूलाई परमेश्वरतिर चोखो हृदयसाथ फर्काउन अभियान चलाएका थिए। समय बित्दै जाँदा त्यसमा पनि कमजोरीपना घुस्न थालेको थियो। धेरै गलत विद्या, संस्कारहरू चर्चमा घुसाइयो र तिनीहरूमा चर्चको शिक्षादिक्षामा कतिपय यथावत नै छन्। तिनीहरूमा नयाँ करारमा इसाई जीवनले अङ्गाल्नुपर्ने व्यवस्था वा दश आज्ञाको गरिमामयप्रति गलत ढँगले वाख्या गर्ने विद्या समावेश भएको छ। तर बाइबलका कतिपय हराइएका वा वेवास्ता गरिएका सत्य आत्मज्ञानलाई फेरि सतहमा ल्याउन  चर्चहरूबाट सानो झुण्ड चुन्ने परमेश्वरको योजनाप्रति हामी बोध हुनु आवश्यक छ।

**यस संसारको अन्तमा व्यवस्था र अनुग्रहलाई समेटेर दिनुभएको परमेश्वरको अन्तिम चेतावनीको सन्देश देहायका पदहरूले कसरी दिएका छन्, पढ्नुहोस्: प्रकाश १२:१३-१७ "१३ तब पृथ्वीमा फ्याँकिएको छु भन्ने थाहा पाएर अजिङ्गरले त्यो छोरा पाउने आमालाई खेद्न थाल्यो। १४ अजिङ्गरबाट बाँचेर उजाड-स्थानमा भएको आफ्नो शरणस्थानमा पुग्न ती स्त्रीलाई गरुडको दुईटा पखेटा दिइएको थियो। त्यहाँ तिनको लागि साढे तीन वर्षसम्म पालन-पोषण गरिनेछ। १५ ती स्त्रीलाई भल-बाढीले बगाउन त्यो अजिङ्गरले आफ्नो मुखबाट एउटा खोलासरह पानी**

निकाल्यो। १६ तर पृथ्वीले त्यस स्त्रीलाई बचाउन आफ्नो मुख उघारेर त्यो अजिङ्गरले बगाएको पानी निलिदियो। १७ अनि त्यो अजिङ्गर समुद्रको किनारमा उभियो।" र प्रकाश १४:६-१२ " ६लयसपछि मैले आकाशमा उडिरहेको अर्को एक स्वर्गदूत देखें। सबै जाति, कुल, भाषा र देशका मानिसहरूलाई सुनाउन तिनी सुसमाचार लिएर आउँदै थिए। ७ तिनले ठूलो सोरले भने, "परमेश्वरको डर मान र उहाँको प्रशंसा गर किनभने उहाँले मानिस जातिको न्याय गर्ने बेला आइसकेको छ। आकाश, पृथ्वी, समुद्र र सब पानीका मूलहरू बनाउनुहुने परमेश्वरलाई मान-आदर देओ।"

८ तब पहिलो स्वर्गदूतको पछि दोस्रो स्वर्गदूत यसो भन्दै आए, "ध्वंश भयो! महासहर बेबिलोन ध्वंश भयो। त्यसले संसारका सबै जातिलाई त्यसका व्यभिचारको कचौराबाट पियाएर उनीहरूलाई मताइदिई।"

९ ती दुई स्वर्गदूतहरूका पछि तेस्रो स्वर्गदूतले ठूलो सोरले यसो भन्दै कराए, "जतिले जनावरलाई अथवा त्यसको मूर्तिलाई मान-आदर गरेर त्यसको टीका आफ्नो निधारमा वा आफ्नो हातमा लिन्छन्, १०
उनीहरूलाई परमेश्वरले आफ्नो क्रोधको कचौराबाट पियाउनुहुनेछ। तिनीहरू पवित्र स्वर्गदूतहरू र थुमाको अगाडि आगो र गन्धकमा पिरोलिनुपर्छ ११ र उनीहरूलाई पिरोल्ने आगोको धुवाँ सधैं उँभोतिर उडेर जानेछ। जतिले त्यो जनावर र त्यसको मूर्तिलाई मान-आदर गर्छन् र त्यसको टीका लाउँछन्, दिन-रात आफ्नो सजायबाट विश्राम पाउनेछैनन्।" १२ परमेश्वरका पवित्र जनहरू, जसले परमेश्वरको वचन मान्छन् र प्रभु येशूमा विश्वास राख्छन्, तिनीहरू स्थिर भएर बस्नुपर्छ।"

हामीले परमेश्वरका आज्ञा वा दश आज्ञाहरू पालन गरेर नै उहाँलाई कसरी विश्वास गर्छौं भनेर विश्वास दिलाउने प्रक्रिया हो। तर परमेश्वर र अरूलाई माया नगरि केवल देखावटी रूपमा मात्र दश आज्ञाहरू कसरी हामी पालन गर्न सक्छौं होला? यदि हामीमा प्रेमले बास गरेन भने यथार्थरूपमा परमेश्वरका आज्ञाहरू हामीहरूको हृदयमा परेका रहेनछन् भनेर कसरी प्रमाणित गर्दछ?

## उपसंहारः

**थप जानकारीः** “परमेश्वरका सन्देशहरूबाट पाएको आत्मज्ञान वा ज्योतिलाई ग्रहण गर्ने मानिसहरू प्रकाश १४का तिनी स्वर्गदूतहरू हुन्। परमेश्वरका सेवकहरू भएर तिनीहरू सारा संसारका कुनाकुनामा परमेश्वरको सन्देश नसुन्नेहरूको गति के हुन्छ भनेर चेतावनी दिनेहरू हुन्। ख्रीष्टले आफ्ना अनुयायीहरूलाई यो सम्बोधन गर्नुभएको थियो “तिमीहरू संसारका ज्योति हौ।" (मत्ती ५:१४)। कलवरीको क्रुसमा टाँगिएको येशूलाई ग्रहण गर्ने प्रत्येक मानिसको हृदयमा यो बोल्दछः “ओहो! मानिसको मोल कस्तो रहेछ। सारा संसारमा जाऔँ र प्रत्येक मानिसलाई सुसमाचार सुनाऔँ (मर्कूस १६:१५)।" यस काममा ढिला गर्न कुनै चिजले पनि रोक्नुहुन्न। यस समयको निम्ति त्यो अत्यन्त महत्त्वपूर्ण काम हो। यसले अनन्तकालसम्म असर पार्दछ। येशूले मानिसहरूलाई अत्यन्त प्रेम गर्नुहुन्छ । त्यो देखाउन र मानिसहरूले मुक्ति पाउन् भनेर उहाँले आफ्नो जीवनलाई बलि दिनुभएको थियो। उहाँको निम्ति कडा परिश्रम गर्ने प्रेरणाको स्रोत नै त्यो प्रेम हो।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ६, पृ. ४५५, ४५६बाट रूपान्तरित।

“तेस्रो स्वर्गदूतको सन्देशमा भएको महत्वपूर्ण विषयवस्तुमा पहिलो र दोस्रो स्वर्गदूतहरूको सन्देशहरू समावेश भएका छन्। सबै मानिसहरूले ती स्वर्गदूतहरूले दिएका सन्देशहरूलाई बुझ्नुपर्छ र आफ्नो दैनिक व्यवहारिक जीवनमा लागु गर्नुपर्छ। हामीहरूको मुक्तिको निम्ति यो अत्यन्त महत्वपूर्ण छ। ती स्वर्गदूतका महान् सत्य सन्दैशहरू बुझ्न हामी गम्भिर र प्रार्थनापूर्वक लाग्नुपर्छ। हामीमा भएका सारा बल र समझशक्ति त्यस आत्मज्ञान सिक्न र बुझ्नकोनिम्ति लगानी गर्नुपर्छ।"- एलेन जी ह्वाइट, इभान्जलिजम, पृ. १९६बाट रूपान्तरित।

## चिन्तनमननः

**अ.** प्रकाश १२:१७मा परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूको विश्वास हुनेहरू बाँकी अंश वा बचेका खुचेकाहरू हुन् भनेर वाख्या गरिएको छ। संसारमा सयौँ चर्चहरू छन् जसले हप्ताको सातौँ शबाथ दिनलाई पालन गर्दछन्। त्यस परिप्रेक्ष्यमा सेभेन्थ-

डे एडभेन्टिस्ट चर्चको विशेश लक्ष्य के हो? अरू चर्चहरूले के विद्या सिकाउँदैनन् जुन् हाम्रो चर्चले सिकाउँदछन्?

**आ.** मूक्ति भनेको हामीहरूको अथक प्रयासबाट होइन तर विश्वासद्वारा पाउँछौं भन्ने आत्मज्ञान रोमी ४:३, गलाती ३:६ र याकूब २:२३ले कसरी बताउँछन्?

**इ.** “अनन्तको सुसमाचार"साथै “परमेश्वरको न्यायको समय आएको छ।" भनेर पहिलो स्वर्गदूतको सन्देश छ। त्यसले गर्दा सुसमाचार, व्यवस्था वा दश आज्ञाको गरिमामयता र न्यायको सन्देश तिनै स्वर्गदूतहरूमा पाइएका छन्। न्यायको मामिलामा व्यवस्था वा दश आज्ञा र अनुग्रहको भूमिका हामीहरूले कसरी बुझ्ने? ती दुवै कसरी ठ्याक्कै मिल्न सक्दछ?